# नगर कार्यपालिकाको ४२औं बैठकको एजेन्डाहरु

मिति : २०८२/०३/०४

१) सातौ नगर सभा सम्वन्धमा

२) आ.व २०८२/०८३ को बजेट तथा विषयगत समितिको बैठक सम्वन्धमा

३) जिल्लाका मुख्य नाकाहरुबाट प्रवेश हुने यातायात साधनको ट्र्याकिंग गर्न सिसिटिभी क्यामरा जडानको ठेक्का प्रक्रिया सम्वन्धमा

४) कृषि चुना वितरण सम्वन्धमा

५) धान दिवस मनाउने सम्वन्धमा

६) सडक आश्रित बालबालिका मुक्त भीमेश्वर नगरपालिका घोषणा सम्वन्धमा

७) सेतीदेवी माध्यमिक विद्यालय काउलेको शिक्षक व्यवस्थापन सम्बन्धमा।

८) विविध :

क) चरिकोट बजारमा रहेको फायर हाईडेण्ड पाईप र चरिकोट बजारको मंगल (फलामे फ्रेम) व्यवस्थापनको भुक्तानी सम्वन्धमा

ख) चरिकोट सातदोवाटो सपिंग कम्प्लेक्स (प्रतिक्षालय पट्टि) पाली निर्माणको भुक्तानी सम्वन्धमा

ग) भीनपा ५ को वडा कार्यालय व्यवस्थापन वापतको रकम भुक्तानी सम्वन्धमा

घ) टुडीखेल प्याराफिट मर्मत सम्वन्धमा प्राविधिक मुल्यांकन बमोजिम

ङ) भीनपा ५ स्थित बस्नेत कृषि फार्ममा वर्षातको कारण भएको क्षति सम्वन्धमा

च) छात्रा फूटबल प्रतियोगिता सन्चालन सम्वन्धमा

छ) चन्द्र बहादुर बस्नेतलाई राहत उपलव्ध गराउने सम्वन्धमा

ज) न.पा को विभिन्न टोल बस्तीमा वितरण गरिएको पाईप को भुक्तानी सम्वन्धमा

झ) अनुमोदन सम्वन्धमा

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद ...
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १ :** आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम प्रस्तुत तथा पारित गर्न मिति २०८२ साल असार १० गते नगर सभा आब्हान गर्ने र विषयगत समितिको बैठक मिति २०८२ असार ०५ गतेदेखि बस्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** दोलखा जिल्लामा यातायात प्रवेश गर्ने मुख्य नाकाहरुमा यातायातका साधनहरुको ट्रयाकिंगका लागि नेपाल टेलिकमसँग अप्टिकल फाइबर भाडामा प्रयोग गर्ने गरी जिल्लाका सबै स्थानीय तहहरुको समन्वय बैठकको निर्णय बमोजिम हुने गरी सम्झौता गरी दोलखा जिल्लाका सबै स्थानीय तहहरुको आर्थिक सहभागितामा खरिढुंगा, तामाकोशी र किर्नेटारमा सिसिटिभी क्यामरा जडानका लागि यस कार्यालयले तयार गरेको लागत अनुमान रु ३८,६७, ५८०/- स्वीकृत गरी बहुबर्षीय आयोजनामा समावेश गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ४ :** यस कार्यालयको आ.व. २०८१/०८२ माटो परिक्षण कार्यक्रम (जिलु प्राविधिक शिक्षालयका प्रशिक्षार्थी परिचालन) कार्यक्रमबाट ५००० (पाँच हजार) के.जी. कृषि चुन खरीद गरीएकोले माटो परीक्षण गरेका कृषकहरुलाई माटो परिक्षणको प्रतिवेदनको आधारमा निशुल्क वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस वर्षको असार १५ गतेका दिन राष्ट्रिय धान दिवस यस नगरपालिका वडा नं. ७ मा मनाउने र उक्त दिवस मनाउन बि.नं. ७६ को कृषि प्रसार बाट रु ५०,०००/- (पचास हजार) भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ६ :** बागमती प्रदेश सरकारको चालु आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम बमोजिम बागमती प्रदेश सरकारले २०८२/०२/१५ गतेभित्र सडक बालबालिका मुक्त प्रदेश घोषणा गर्ने कार्यक्रम रहेको सन्दर्भमा यस नगरपालिका क्षेत्रलाई सडक आश्रित बालबालिका मुक्त घोषणा गरी पठाउन मिति २०८२/०१/१३ को कार्यपालिका बैठकबाट आवश्यक तयारीका लागि बालबालिका क्षेत्र हेर्ने अधिकृत श्री मंगला मानन्धरलाई फोकल पर्सन तोकी कार्यजिम्मेवारी दिइएकोमा आवश्यक प्रक्रिया पूरा भएकोले यस नगरपालिकालाई सडक आश्रित बालबालिका मुक्त नगरपालिका घोषणा गरी सामाजिक विकास मन्त्रालय,बागमती प्रदेशलाई जानकारी पठाउने गरियो।

**निर्णय नं. ७ :** आर्थिक वर्ष २०८१/८२ को लागि बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम माध्यमिक तहमा शुन्य दरवन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अङ्ग्रेजी/गणित/विज्ञान शिक्षकको लागि शिक्षण सहयोग अनुदानका लागि यस नगरपालिकाको वडा नं. ७ स्थित सेतीदेवी माध्यमिक विद्यालय काउलेमा उक्त अनुदानको गणित विषयमा कार्यरत शिक्षकले राजिनामा दिई रिक्त हुन आएको र विद्यालयले पाचौं पटकसम्म विज्ञापन गर्दा पनि शिक्षण अध्यापन अनुमति पत्र (लाइसेन्स) प्राप्त शिक्षक उपलब्ध नभएको हुँदा पठनपाठनमा बाधा परेको भनी विद्यालयबाट वैकल्पिक शिक्षक व्यवस्थापन गरी दिन अनुरोध भई आएको हुँदा अनुमति प्राप्त शिक्षक उपलब्ध नभए सम्मका लागि माध्यमिक तह तृतीय श्रेणी शिक्षकको लागि आवश्यक पर्ने सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता भएका अध्यापन अनुमति पत्र (लाइसेन्स) प्राप्त नभएको उम्मेदवारलाई माध्यमिक तह (कक्षा ९-१०) मा गणित विषय अध्यापनका लागि शिक्षक व्यवस्थापन कार्य अगाडी बढाउन विद्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :** चरिकोट तथा दोलखा बजार क्षेत्रको फोहर व्यवस्थापन केन्द्र रामकोट जाने सातदोवाटे रामजानकी सरसफाई केन्द्र सडक खण्डमा पहिरोको कारण सडक क्षति भई फोहर बोक्ने गाडी आवतजावत गर्न अवरुद्ध भएकोले तत्काल ग्याबिन टेवा पर्खाल लगाउन सि.नं. २१५ बाट रु १०,००,०००/- (दश लाख) खर्च व्यहोर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ (विविध)**

क) चरिकोट ढल आयोजनाद्वारा चरिकोट बजार क्षेत्रमा कालोपत्रे गर्ने क्रममा सडकको किनारमा रहेको फायर हाईडेण्ड पाईपलाई व्यवस्थित बनाउन र चरिकोट बजारको मुख्य क्षेत्रमा रहेका पुराना मंगलहरुमा (फलामे फ्रेम) को व्यवस्थापन वापत रु २,९६,८८९/- (दुई लाख छ्यानब्बे हजार आठ सय उनन्नब्बे रुपैया) सि.नं. १९९ बाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) वर्षातको समयमा भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित चरिकोट सातदोवाटो सपिंग कम्प्लेक्स (प्रतिक्षालय पट्टि) को भागमा पानीले समस्या पार्ने हुँदा पाली निर्माण गर्नु पर्ने भएकोले प्राविधिक मुल्यांकन बमोजिमको रकम रु ८०,८४९/- (अस्सी हजार आठ सय उनन्चास रुपैया) सि.नं. १९९ बाट बाट भुक्तानी गर्ने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिका वडा नं. ५ को नवनिर्मित भवनमा कार्यालय व्यवस्थापन वापत १३,६९,५२५/- (तेर्ह लाख उनन्सतरी हजार पाँच सय पच्चिस) खर्च भएकोले त्यस वडा कार्यालय भवन निर्माणबाट बचत हुन आएको रकम रु ८,००,०००/- (आठ लाख) र बाँकी रकम सि.नं. १९८ बाट भुक्तानी गर्ने निर्णय गरियो ।

घ) भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित टुडीखेल प्यारापिटको मर्मत गर्न प्राविधिक लागत अनुमान तयार गरि आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

ङ) भीनपा ५ स्थित बस्नेत कृषि फार्ममा वर्षातको कारण क्षति भएकोले राहत स्वरूप रु २०,०००/- (बिस हजार) भुक्तानी गर्ने निर्णय गरियो।

च) चरिकोट सिटि क्लब, चरिकोटको आयोजनामा सन्चालन भएको छात्रा फुटबल प्रतियोगिता, २०८२ सन्चालनका लागि सि.नं. ३६६ को वडा अध्यक्ष कप फूटबल प्रतियोगिता कार्यक्रमबाट रु १०००००/- (एक लाख) उपलव्ध गर्ने निर्णय गरियो।

छ) भीमेश्वर नगरपालिका वडा नं. ६ का कृषक चन्द्र बहादुर बस्नेतको दुई वटा भैसी मरी क्षति हुँदा राहत पाउँ भनी निवेदन दिएकाले राहत बापत बाट रु ४०,०००/- (चालिस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिकाका विभिन्न वडा/टोल/बस्तीमा स-साना खानेपानीको समस्या हल गर्न बिभिन्न मितिमा खानेपानी पाईप वितरण भएकोमा सो को बिल बमोजिमको रकम रु१३६९५२५/- सि.न. १९९बाट भुक्तानी गर्ने निर्णय गरियो

झ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा देहायका आयोजनाहरु संशोधनका लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर/योजना संसोधन गर्ने निर्णय गरियो ।

| क.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३१९ | कृषि प्रवर्द्वन कार्यक्रम, भीनपा २ | ४,००,०००/- | स्प्रे टयांकी र प्लास्टिक रोल पाईप खरिद | बचत हुन आउने रकम |
| २ | ३२६ | महिला सीप तथा क्षमता विकास कार्यक्रम, भीनपा २ | ३,००.००० | | |
| ३. | ३२१ | टोल विकास संस्था व्यवस्थापन भीनपा २ | २,००,००० | वडा कार्यालयलाई प्रोजेक्टर र कम्प्युटर खरिद | २,००,०००/- |
| ४. | ३२७ | विपद व्यवस्थापन, भीनपा २ | २,००,००० | विपद व्यवस्थापन सामान खरिद | ३५०००/- |
| ५ | | विपद व्यवस्थापन, भीनपा १ | | विपद व्यवस्थापन सामाग्री खरिद | |
| ६ | | साना पूर्वाधार मर्मत, भीनपा ३ | २,००,००० | विपद व्यवस्थापन सामाग्री खरिद | २,००,०००/- |

प्रमुख प्रशासकीय अधिकृत